सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाजुरा

मार्तडी, नेपाल

## स्याउ ढुवानी गर्न ईच्छुक कृषक समूह/सहकारी/स्याउ पकेट/ब्लक संचालक समिति/फर्म र कृषक उधमीलाई निवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

<u>प्रथम पटक सुचना प्रकाशन मितिः २०७९।०५।०२</u>

कृषि ज्ञान केन्द्र, बाजुराको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार *कृषि उपज ढुवानी अनुदान तथा बजारीकरण सहयोग* कार्यक्रम अन्तर्गत स्याउको बजार प्रवर्द्धन गर्ने उद्देश्यले स्याउ ढुवानीमा अनुदान सहयोग कार्यक्रम रहेको हुँदा बाजुरा जिल्लामा उत्पादित स्याउ ढुवानी गर्न ईच्छुक कृषक, कृषक समूह, फर्म, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था, स्याउ पकेट/ब्लक संचालक समितिले यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र यस कार्यालय वा सम्बन्धित स्थानिय तहको कृषि विकास शाखामा तपशिल वमोजिमका कागजात संलग्न गरी निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. सम्पूर्ण विवरण खुल्ने गरि भरिएको आवेदन फारम सहित निवेदन
२. सहकारी संस्था/समूह/पकेट/ब्लक संचालक समिति/कृषि फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. फर्म/सहकारी/फार्मको हकमा स्थायी लेखा नं. को प्रतिलिपि
४. सम्बन्धित स्थानीय तह कृषि विकास शाखाको सिफारिस
५. सहकारी तथा नीजि फर्मको हकमा आ.व.२०७८/७९ को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि
६. सहकारी तथा नीजि फर्मको हकमा आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

अम्बा दत्त बिष्ट
प्रा.स.(सहायकस्तर पाँचौ)
**नि. कार्यालय प्रमुख**

नोटः सम्वन्धित ठाउँको स्याउ ढुवानीका लागि सम्वन्धित ठाउँको समुह/सहकारी/पकेट तथा ब्लक संचालक समिति/कृषि फर्म/कृषक उद्यमीलाई पहिलो प्राथमिकता दिईने छ । थप जानकारीका लागि सम्वन्धित स्थानिय तहको कृषि विकास शाखा तथा कृषि ज्ञान केन्द्र बाजुरामा सम्पर्क राख्न हुन जानकारी गराईन्छ।

"व्यावसायिक र सिर्जनशिल प्रशासन :विकास समृद्धि र सुशासन"

सम्पर्क नं. ०९७-५४१०१४,५१४२१४ ईमेलः akcbajura@gmail.com, akcbajura@sudurpashchim.gov.np
Website: www.bajura.akc.gov.np

# स्याउ ढुवानी अनुदान कार्यक्रममा सहभागतिका लागि पेश गर्ने निवेदन फाराम

मिति:२०७९/ /

श्रीमान् प्रमुख ज्यू
कृषि ज्ञान केन्द्र, बाजुरा

विषयः स्याउ ढुवानी अनुदान कार्यक्रमा सहभागी हुन पाउँ वारे ।

महोदय,

उपरोक्त विषयमा कृषि ज्ञान केन्द्र, बाजुरावाट स्याउको प्रवर्द्धन तथा वजारीकरणका लागि स्याउ ढुवानी गर्न ईच्छुक समूह/सहकारी/स्याउ पकेट/ब्लक संचालक समिति/फर्म र कृषक उधमीलाई निवेदन पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार हामीले/मैले स्याउको विक्रि तथा वजारीकरणको सम्पुर्ण जिम्मा लिने गरी ईमान्दार, लगनशिल र मेहनतका साथ कार्यालयले अपनाउने सम्पुर्ण विधि, प्रक्रिया र मापदण्डको अधिनमा रही स्याउ ढुवानी अनुदान कार्यक्रममा संलग्न हुने उदेश्यले उक्त स्याउ ढुवानी अनुदान कार्यक्रममा सहभागी हुन पाउँ भनी सूचनामा उल्लेखित तपिशल अनुसारका कागजात संलग्न गरी रु. १० को टिकट टाँस गरी यो निवेदन पेश गरेको छु ।

निवेदक

नामः

ठेगानाः

पदः

मोवाईल नं

दस्तखत

छाप

# स्याउ ढुवानी अनुदान कार्यक्रममा सहभागिताका लागि पेश गर्ने प्रस्तावना फाराम

| | |
|---|---|
| आवेदकको नाम : | |
| ठेगाना : | |
| सम्पर्क व्यक्तिः | |
| सम्पर्क व्यक्तिको पदः | |
| सम्पर्क टेलिफोन नः | |
| समुह सदस्य /सहकारी शेयर सदस्य /पकेट तथा व्लक संचालक समितिको हकमा संलग्न कृषक संख्या | महिला ............ पुरुष.................. जम्मा ................. |
| आ.व.०७८/०७९ सम्मको कुल आम्दानी तथा खर्चको विवरण | कुल आम्दानी रकम रु.<br>कुल खर्च रकम रु.<br>कुल वचत रकम रु.<br>कुल ऋण लगानी रकम रु. |
| तपाँई आफुलाई के कति कारणले स्याउ ढुवानी अनुदान कार्यक्रमवाट अनुदान प्राप्त गर्न योग्य ठान्नुहुन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस | |
| स्याउ ढुवानी गर्ने स्थान, परिमाण र लागत | (see table below) |
| दस्तखत र छाप | |

स्याउ ढुवानी गर्ने स्थान, परिमाण र लागत:

| क.सं. | स्याउ ढुवानी गरिने स्थान वा कलष्टर | ढुवानी गर्न चाहेको स्याउको परिमाण के.जी. | ढुवानी अनुदान रकम रु/के.जी | ढुवानी गर्न चाहेको स्थान र बजार | कुल ढुवानी अनुदान लागत रकम रु |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |